# सामुदायिक मेलमिलाप कार्यक्रम तर्फको कार्यक्रम सञ्चालन एवं खर्च गर्दा पालना गर्नु पर्ने शर्तहरु

## आ.व. २०७२/०७३

१) यस चालु आ.व. २०७२/०७३ मा सामुदायिक मेलमिलाप कार्यक्रम २५ वटा जिल्लाहरुमा संचालन गरिनेछ । मन्त्रालयले यस जिल्लाहरुमा कार्यक्रम संचालन गर्न यस चालु आ.व. मा प्रत्येक जिविसलाई रु ५००,०००/- ( पाँच लाख) को दरले कार्यक्रम बजेट उपलब्ध गराएको छ । जिविसलाई उपलब्ध गराएको बजेट तोकीएको कार्यक्रममा खर्च गरी प्रतिवेदन मन्त्रालयको ग्रामिण विकास समन्वय शाखामा पठाउनु पर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने जिल्लाहरुको नामको विवरण र कार्यक्रमहरु निम्न अनुसार रहेको छ ।

क) कार्यक्रम संचालन गर्ने प्रत्येक जिल्लाको कम्तिमा ३ गाविस र नपा भएका जिल्लामा कम्तिमा १ नगरपालिका छनौट गरी सामुदायिक मेलमिलाप केन्द्रहरु विस्तार गर्ने र यस केन्द्रहरुलाई स्थानीय स्तरमा सक्रिय बनाई कार्यक्रमहरु संचालन गर्ने ।

ख) छनौट भएका गाविसका प्रत्येक वडाबाट १/१ जना र नगरपालिकाका विभिन्न वडाबाट ९ जना सामुदायिक मेलमिलाप गर्न सक्षम व्यक्तिहरु मध्येबाट छनौट गरी सहभागी गराउनु पर्नेछ । यसरी छनौट गर्दा कम्तिमा एक तिहाई महिला हुनुका साथै समावेशी हुनु पर्नेछ ।

ग) उपर्युक्त बमोजिम सामुदायिक मेलमिलाप कार्यक्रम लागु भएका गाविस र नगरपालिकाहरुमा सामुदायिक मेलमिलाप केन्द्रको स्थापना र संचालनको लागि प्रथम पटक प्रोत्साहन स्वरुप प्रति गाविस/नपामा कम्तिमा रु. ५०,०००/- का दरले अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

घ) जिल्लाहरुमा विभिन्न विकास साझेदारहरुको यस क्षेत्रमा क्षमता विकास गर्न सामुदायिक मेलमिलाप सम्वन्धी तालिमहरु संचालन गर्ने

ङ ) सामुदायिक मेलमिलाप कार्यक्रमहरु संचालन भएको गाविसहरुको तथ्यांङ्क लिने, प्रगति अद्यावधिक गर्ने

च) कार्यक्रम संचालन भएका गाविसहरुको क्षमता विकासका कार्य सञ्चालन गर्ने ।

छ) सामुदायिक मेलमिलापको कार्य सञ्चालनमा संलग्न गैससहरुको विवरण राख्ने, प्रतिवेदन लिने तथा सो कार्य गर्ने गैससहरुको समन्वय गर्ने

ज) सामुदायिक मेलमिलाप कर्ताहरुको सूचि अद्यावधिक गर्ने एवं सामुदायिक मेलमिलापको माध्यमबाट गाविसमा समाधान भएका मुद्धाको विवरण अद्यावधिक राख्ने र मन्त्रालयमा चौमासिक रुपमा पठाउने ।

झ) गाविस सचिव, गाविस सहायक, सामाजिक परिचालक र मेलमिलाप कर्ताको क्षमता विकास कार्य गर्ने

ञ) सामुदायिक मेलमिलापको माध्यमबाट स्थानीय तहका विवादहरु निरुपण गर्ने सम्वन्धमा प्रचार प्रसारका कार्य गर्ने



सह–सचिव

ट) जिविसले यस कार्यक्रमको आम्दानी खर्चको अभिलेख छुट्टै राख्नु पर्नेछ ।

ठ) उक्त रकम खर्च गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ बमोजिम खर्च गर्नु पर्नेछ ।

ड) जिविसले यस कार्यक्रमको चौमासिक र बार्षिक रुपमा वित्तिय र भौतिक प्रगतिको विवरण web based reporting system मा प्रविष्ट गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

ढ) यस कार्यक्रमको चौमासिक तथा बार्षिक प्रगति समिक्षा जिविसले गर्नु पर्नेछ ।

ण) कार्यक्रमको आन्तरीक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण नियम अनुसार जिविसले गराउनु पर्नेछ।

**सामुदायिक मेलमिलाप कार्यक्रम संचालन गर्ने २५ वटा जिल्लाहरुको नामावलि :-**

जिल्ला - सुनसरी, ओखलढुङ्गा, खोटाङ्ग, दोलखा, रामेछाप, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, गोरखा, लमजुङ्ग, स्याङ्जा, अर्घाखाँची, म्याग्दी, पर्वत, बाग्लुङ्ग, रुकुम, रोल्पा, प्यूठान, दैलेख, बाजुरा, बझाङ्ग, जुम्ला, कालीकोट, ताप्लेजुङ्ग र पाँचथर ।

(<u>Program implement at 25 Districts –</u> Sunsari, Okhaldhunga, Khotang, Dholakha, Ramechhap, Nuwakot, Kavre, Sindhupalchok, Gorkha, Lamjung, Syanjya, Arghakhachi, Myagdi, Parbat, Baglung, Rukum, Rolpa, Pyuthan, Dailekh, Bajura, Bajang, Jumla, Kalikot, Taplejung and Pachthar.
<u>Budget</u> – Rs. 500,000/- in each district. )

सह–सचिव